धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३१ ◆ २०८३ असार ३ गते बुधबार, Wednesday, June 17, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

# रास्वपाको चार प्रदेश र ६४ जिल्लामा अधिवेशन सम्पन्न

काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले हालसम्म चार प्रदेश र ६४ जिल्लाका अधिवेशन सम्पन्न भएको जनाएको छ ।

पछिल्लो विवरण अनुसार ६०९ पालिका, चार हजार ३६३ वडामा अधिवेशन सम्पन्न भइसकेको छ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको अधिवेशन सम्पन्न भइसकेको छ भने मधेस प्रदेशको अधिवेशन स्थगन रहेको छ। त्यस्तै कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशको अधिवेशन चालु रहेको रास्वपाले जनाएको छ। त्यस्तै हालसम्म कर्णाली प्रदेशका डोल्पा र हुम्ला, लुम्बिनी प्रदेशका रुकुमपूर्व, गण्डकी प्रदेशका मनाङ र मुस्ताङ, मधेस प्रदेशका धनुषा, सप्तरी बारा र सर्लाहीमा अधिवेशन हुन नसकेको महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो ।

यसैगरी सिन्धुपाल्चोक, सिरहा, महोत्तरी, रौतहटमा अधिवेशन प्रक्रिया सुरु भई स्थगन भएको उहाँले बताउनुभयो। रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन यही असार ७, ८ र ९ चितवनमा आयोजना हुनेगरी तयारी तीव्र भइरहेको सो पार्टीले जनाएको छ ।

# कञ्चनपुरमा डिएपी मल अभाव

महेन्द्रनगर । जिल्लामा धानखेतीका लागि डिएपी मल अभाव देखिएको छ । कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय कञ्चनपुरका अनुसार यहाँ सहकारी मार्फत किसानलाई मल बिक्रीवितरण भइरहेको भए पनि डिएपी मल अभाव छ ।

कृषि सामग्री कम्पनी लिमिटेडका शाखा प्रबन्धक हेमराज जोशीले यहाँबाट ४५० मेट्रिक टन डिएपी र ५०० मेट्रिक टन रसायनिक मल युरिया बिक्री वितरण भइसकेको जानकारी दिनुभयो। "हामीसित मौज्दात मल यहाँका १५० सहकारीमार्फत किसानसम्म वितरण गरिरहेका छौँ", उहाँले भन्नुभयो, "कञ्चनपुरका लागि हरेक वर्ष गहुँ र धानखेतीका लागि १०-१० हजार मेट्रिक टन डिएपी र युरिया मल आवश्यक पर्छ।" कृषि सामग्री कम्पनी लिमिटेडले डिएपी प्रतिबोरा रु दुई हजार ३९४ र युरिया रु ९४४ मा बिक्री गरिरहेको जनाएको छ । "हामीले जिल्लाभरि डिलरसिप लिएका सहकारीमार्फत नै भएको मल वितरण गर्दैछौँ", उहाँले भन्नुभयो, "मल अभाव हुने विषय देशव्यापी समस्या हो । त्यसमा पनि सुदूरपश्चिमको कोटा कम छ।" उहाँले वार्षिक करिब ४०० मेट्रिक टन मल अभाव हुने गरेको बताउनुभयो । खुला सीमानाका कारण कञ्चनपुरका विभिन्न स्थानमा भारतबाट समेत फाटफुट रूपमा मल आयात हुने गरेको छ ।

# मुग्लिन-मलेखु सडकमा कालोपत्रको तयारी

चितवन। पृथ्वी राजमार्गअन्तर्गत मुग्लिङ-मलेखु सडकखण्डमा कालोपत्रको तयारी गरिएको छ । अलकत्राको अभावमा रोकीएको काम पुनः गर्न लागिएको हो । यसअघि १३ किलोमिटर सडक कालोपत्र भइसकेको छ ।

नागढुङ्गा-मुग्लिङ सडक आयोजना पश्चिम खण्ड कार्यालयका सूचना अधिकारी सचेन्द्र मिश्रका अनुसार हुग्दीदेखि जवाङ खोलासम्म कालोपत्रेको तयारी सुरु गरिएको छ ।उहाँले भन्नुभयो, "३० टन अलकत्रा आइसकेको छ। यही ५ गतेबाट कालोपत्रेको काम सुरु हुन्छ ।" तत्काल सो ठाउँमा ७०० मिटर सडक कालोपत्र गरिने छ भने असार महिनामा तीन किलोमिटर सडक कालोपत्रे गर्ने योजना छ । सो खण्डमा रहेका छ वटा पुलमध्ये चार वटाको काम अन्तिम चरणमा पुगेको छ । वारवाङ, मौवा, खटौटी र गोमती खोलाको पुलको काम थोरै मात्र बाँकी छ । ती पुलको सडकसँग जोड्ने बाटो कालोपत्रे लगायतका काम बाँकी छ ।

सडक निर्माणको काम ४३ प्रतिशत सम्पन्न भएको छ। सो खण्डमा ३८ दशमलव ८६ किलोमिटर सडक पर्दछ। शर्मा-जेडआइसिजीले रु चार अर्ब ८० करोड ५९ लाखमा यस खण्ड स्तरोन्नति को ठेक्का लिएको हो। सडक विश्व बैंकको सहयोगमा बनाउन लागिएको हो । काठमाडौं प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा यो खण्ड रहेको छ ।

**बिमा पोलीसी हराएको सुचना**

सूचना प्रकाशित मिति २०८३।०३।८०३

मेरो निम्न ब्यहोराको हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड, साविक प्राईम लाइफ इन्स्योरेन्सबाट जारी गरिएको बिमा पोलिसी हाल विमा पोलीसी तथा फाईल हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा विमा कम्पनीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : अनुप दुवाडी
**ठेगाना** :निलकण्ठ -१२, धादिङ
**पोलिसी न** : PLI १०३०००१५४३
**फोन न** : ९८४३२१३३०५

# विनियोजन विधेयकमाथि छलफल जारी : खर्च कटौतीका प्रस्ताव प्रस्तुत

*प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८३ को विभिन्न शीर्षकमाथिको छलफल जारी छ । सभाको मंगलबारको बैठकमा सांसदहरूले विभिन्न मन्त्रालयको शीर्षकको खर्च रकम घटाउने सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको छ ।

बैठकमा सांसद गुरुप्रसाद बरालले विनियोजन विधेयक, २०८३ अन्तर्गत विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै माध्यामिक तह विद्यालयदेखि नै विज्ञान तथा प्रविधिमा पढाइ गर्न माग गर्नुभयो । उहाँले विज्ञान र प्रविधि सबै ज्ञानको आधार भएकाले यसमा लगानी बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

"दश जोड दुईमा विज्ञान पढाउने आधार तयार गरी विज्ञान विषय पढाउनुपर्ने जरुरी छ", सांसद बरालले भन्नुभयो, "रु चार अर्बको बजेट अहिले छ, नयाँ मन्त्रालयल पनि तयार गरेको हुनाले त्यसका लागि पहल गर्नुपर्छ ।"

सांसद रमेशकुमार मल्लले विनियो-जन विधेयक, २०८३ अन्तर्गत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्याउनुपर्नेलगायत माग गर्नुभयो । उहाँले कर्णालीबाट तीन सडकमा बजेट हालिदिने भनेर सुरुमा योजना मागेको भए पनि बजेटको किताबमा नपरेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद बलावती शर्माले भौतिक विकासको खाका बजेटमा नभएको भन्दै देशभर बन्नुपर्ने सडक, विद्यालय, झोलुङ्गे पुल निर्माणजस्ता विषयमा सरकारले ध्यान दिन नसकेको आरोप लगाउनुभयो ।

उहाँले विनियोजन विधेयक, २०८३ अन्तर्गत पूर्वाधार विकास मन्त्रालयको शीर्षकको खर्च कटाएर घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै बागलुङको पूर्वाधार निर्माणमा आवश्यक बजेट विनियोजनको माग गर्नुभयो। सांसद विष्णुमाया विकले लागुऔषधको प्रयोग तथा ओसारपसार नियन्त्रणमा बजेट नदेखिएको, विपद् जोखिम न्यूनीकरणका लागि पनि बजेट न्यून रहेको, धनकुटालगायत १९ वटा कारागार निर्माण गर्ने भनिए तापनि थोरै बजेट देखिएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। विनियोजन विधेयक, २०८३ अन्तर्गत गृह मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै उहाँले साइबर अपराध न्यूनीकरणका लागि बजेट न्यून रहेकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । ससांद यज्ञबहादुर बोगटीले ऊर्जा, जलस्रोत तथा सिँचाइमा बजेट छुट्याउने विषयमा सरकारले ध्यान दिन नसकेको भन्दै विद्युत् महसुलमा कर लगाउँदा जनतालाई आर्थिक बोझ थपिएको उल्लेख गर्नुभयो ।

विनियोजन विधेयक, २०८३ अन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै उहाँले बजेटले पछाडि परेको क्षेत्रको विकासमा ध्यान नदिएको बताउनुभयो ।

सांसद बोगटीले सरकारको नीति एकातिर र कार्यक्रम अर्कातिर भएकाले एकरूपता बनाउन र आवश्यकताका आधारमा बजेट छुट्याउनुपर्नेमा त्यो हुन नसकेको बताउनुभयो ।

# सडक सुरक्षा सुधारमा सरकार गम्भीर हुनुपर्छ : सभापति गजुरेल

*प्रत्यूष समाचारदाता*

काठमाडौं । सङ्घीय संसद्, प्रतिनिधिसभा अन्तर्गत पूर्वाधार विकास समितिमा सडक सुरक्षा, यातायात व्यवस्थापन, दुर्घटना न्यूनीकरण र पूर्वाधार सुधारका विषयमा केन्द्रित रही छलफल भएको छ ।

बैठकमा सांसद तथा विज्ञले बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि प्रभावकारी नीति कार्यान्वयनमा जोड दिनुभयो ।

समिति सभापति आशिष गजुरेलले सुझावलाई कार्यान्वयनमा लैजान समितिले सहजीकरण गर्ने बताउनुभयो। उहाँले सडक सुरक्षा अत्यन्त संवेदनशील विषय भएकाले सरकार यसमा गम्भीर हुनुपर्ने धारणा राख्नुभयो ।

सडक सुरक्षासम्बन्धी विधेयक बनेको पाँच वर्ष बितिसक्दा पनि संसद्मा पेस हुन नसकेको उल्लेख गर्दै उहाँले सडक पूर्वाधार समयमै निर्माण नहुँदा समस्या बढिरहेको बताउनुभयो। एकीकृत यातायात नीति रहे तापनि सम्बन्धित मन्त्रालय हटाइएको विषय उठाउँदै उहाँले भावी पुस्ताको सुरक्षाका लागि पनि सडक सुरक्षामा विशेष ध्यान दिनुपर्ने बताउनुभयो। सभापति गजुरेलले भन्नुभयो, "अझै पनि व्यवस्थित फुटपाथ र अपाङ्गमैत्री सडक निर्माण हुनसकेको छैन ।"

सांसद सुनिल केसीले सडक दुर्घटनाका समस्या समाधान गर्न संसद्ले सहजीकरण गर्नुपर्ने बताउनुभयो । उहाँले सडक निर्माणका क्रममा अव्यवस्थित रूपमा बाटो खन्ने, मर्मतमा ढिलाइ हुने तथा सरोकारवाला निकायबीचको समन्वय अभावका कारण दुर्घटनाको जोखिम बढेको जनाउँदै समितिमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद वासना थापाले कर्णाली क्षेत्रमा सडक सञ्चालन अनुमति (रोड परमिट) प्राप्त गर्नसमेत समस्या रहेको जनाउँदै सडक सुरक्षाको अवस्था सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

बैठकमा सांसद भरतकुमार स्वार, पूर्णप्रसाद लिम्बू, धनेन्द्र कार्की र राजु पाण्डेले मुलुकको आर्थिक विकास र समृद्धिका लागि सडक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो । यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष सरोज सिटौलाले सार्वजनिक यातायातका लागि बेग्लै सडक लेन, पार्किङ व्यवस्थापन र दक्ष चालकको आवश्यकता औंल्याउनुभयो ।

उहाँले नेपालमा बढ्दो सवारी चापअनुसार पूर्वाधार निर्माण हुन नसकेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

ढुवानी व्यवसायी महासङ्घ नेपालका अध्यक्ष अरुणकुमार श्रेष्ठले मालवाहक सवारीसाधनको निगरानी र सुरक्षा प्रणाली सुधार गर्नुपर्ने बताउनुभयो ।

# सिमाना र द्विपक्षीय सम्बन्धका बारेमा संवेदनशील हुन आग्रह

काठमाडौं । प्रतिनिधिसभाका सांसदहरुले सिमाना र द्विपक्षीय सम्बन्धका बारेमा संवेदनशील हुन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको आकस्मिक समयमा उहाँहरुले सिमानाका सम्बन्धमा देखिएका विषयमा संवेदनशील भएर समाधानमा लाग्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो। बैठकमा नेपाली कम्युनिष्ट पार्टीका सांसद प्रमेशकुमार हमालले प्रधानमन्त्री वालेन्द्र शाहले गत जेठ १७ गते सिमानाका सम्बन्धमा दिनुभएको अभिव्यक्तिका सन्दर्भमा आपत्ति जनाउँदै संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो ।

उहाँले परराष्ट्रमन्त्री शिशिर खनाल अहिले चीन भ्रमणमा रहनुभएको उल्लेख गर्दै त्रिपक्षीय सीमाका विषयमा कुरा भयो कि भएन भनी जानकारी माग गर्नुभयो । साथै उहाँले उक्त विषय संयुक्त वक्तव्यमा नदेखिएको बताउँदै स्पष्ट पार्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद हमालले नेपालको सुस्ता क्षेत्रमा भारतीय सुरक्षाकर्मी प्रवेश गरेको, दार्चुलाको सिमानामा बिना अनुमति भारतीय हेलिकोप्टर प्रवेश गरेको, भारततर्फको चिया निर्यातमा अवरोध देखिएकोलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । जारी फिफा विश्वकप फुटबल हेर्नका लागि अतिरिक्त रकम तिर्नुपर्ने उल्लेख गर्दै सांसद हमालले नि:शुल्क फुटबल हेर्न पाउने व्यवस्था गर्न सरकारसँग माग गनुभयो। सांसद रेखाकुमारी यादवले प्रधानमन्त्री वालेन्द्र शाहले गत जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा सीमाका विषयमा दिनुभएको अभिव्यक्तिका विषयमा प्रष्ट पार्नुपर्ने माग गर्दै सुस्तालगायतका सिमानामा देखिएको विषयका सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सीमासम्बन्धी संवेदनशील विषयमा अभिव्यक्ति दिएपछि उक्त विषयमा प्रष्ट पार्न पुनः माग गर्नुभयो । नेकपा (एमाले)का सांसद टुका भद्रा हमालले सिमानाका विषयको विवादित अभिव्यक्तिलाई संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो ।

*सम्पादकीय ....*

## प्रविधिसंगै अराजकता बढ्यो

प्रविधिको दुरुपयोग गर्दै 'भ्यूज' र 'डलर'का लागि पत्रकारिताको आवरणमा जुन अराजकता फैलाइएको छ, त्यो वास्तवमै चिन्ताजनक छ।

मुलुकी अपराध संहिता २०७४ को दफा २९५ अनुसार अनुमति विना कुनै व्यक्तिको तस्बिर खिच्न वा तस्बिरको स्वरुप बिगार्न नहुने साथै भिडियो रेकर्ड गर्नु अघि अनुमति लिनुपर्ने स्पष्ट कानुनी व्यवस्था भए तापनि केही दिन अघि सरकारी कार्यकक्षमा विना कुनै अनुमति पसेर सेवाग्राहीको काम गरिरहेको अवस्थामा अचानक एक जना पत्रकार भनिने व्यक्ती क्यामेरा र बुम तेर्साउँदै मेरो कार्यकक्ष भित्र छिरे। न कुनै पूर्वस्वीकृति, न त शिष्टाचारको सामान्य हेक्का। उनी मेरो कुरा सुन्न वा सत्य तथ्य बुझ्न आएका थिएनन्, बरु आफ्ना पूर्वाग्रहहरू ममाथि लाद्न र मलाई दोषी करार जस्तै गरी उभ्याउन उद्यत देखिन्थे। "तपाईंको कार्ड खै? ड्रेस खै ?" भन्दै जंगिने उनको शैली पत्रकारिता नभएर सरासर 'स्टन्टबाजी' र ब्लाकमेलिङको एउटा रूप थियो। उनी पत्रकारिता भन्दा पनि भ्यूजको खेती गर्न चाहन्थे। उनकै इच्छा अनुरूप उक्त भिडियो अहिले देशव्यापी रूपमा भाइरल भएको छ।

सरकारी कर्मचारी नागरिकका सेवक हुन् र उनीहरू कानुनको दायरामा बस्नुपर्छ, यसमा दुई मत छैन। तर, सरकारी कार्यालयका पनि आफ्नै नियम, गोपनीयताका सिद्धान्त र कार्यविधि हुन्छन्। बिना अनुमति कोठा-कोठामा पसेर आतङ्क मच्चाउनु, कर्मचारीलाई मानसिक दबाबमा पार्नु र प्रक्रियागत काममा बाधा पुऱ्याउनु कुन कानुन र पत्रकारिताको कुन सिद्धान्तभित्र पर्छ? एल्गोरिदमको प्रभावमा भाइरल हुने होडबाजीले गर्दा अहिले नेपाली पत्रकारिता क्षेत्रको विश्वसनीयता माथि प्रश्न उठेको छ। व्यावसायिक पत्रकारहरूलाई समेत यस्ता खालका गतिविधिले पत्रकारिता पेसा प्रति नै नैराश्यता उत्पन्न भएको छ। पत्रकारिता गर्छु भनेर चिनाउन नै व्यावसायिक पत्रकारलाई मुस्किल परेको छ। प्रविधिको विकास र सामाजिक सञ्जालको पहुँचसँगै नेपाली पत्रकारिताले डिजिटल रूपमा आफूलाई बलियो बनाउनुपर्नेमा उल्टै बुम आंतक मच्याएर पत्रकारिता पेसालाई धमिल्याउने प्रयास भइरहेको देखिन्छ। आज हरेकको हातमा सञ्चार माध्यम छ, हरेक चोक र गल्लीमा सञ्चारकर्मी छन्। यो लोकतान्त्रीकरणको एउटा सुन्दर पाटो त हो, तर यसकै बलमा मौलाएको 'क्यामेरा आतङ्क' ले भने यति बेला नेपाली समाज र स्वयं पत्रकारिताको साखमाथि नै गम्भीर प्रश्न चिह्न खडा गरिदिएको छ।

घरघरमा भएका झगडाहरूलाई खोजी पत्रकारिताको संज्ञा दिँदै पारिवारिक संवेदनशीलताको समेत ख्याल नगरी श्रीमान् श्रीमतीको झगडा देखाउन पत्रकारिता क्षेत्र उद्यत छ।

यति मात्र हैन अहिलेको पत्रकारिताले व्यक्तिको व्यक्तिगत गोपनीयताको विषयलाई समेत ख्याल नगरी कानुनले बन्देज लगाएका कुराहरू समेत देखाउन लालायित छ। नेपालको संविधानले नागरिकको गोपनीयताको हक सुरक्षित गरेको छ।

कसैको पारिवारिक झगडा, डिभोर्स, वा व्यक्तिगत विषयका कुरा कोठाभित्र जबरजस्ती माइक र क्यामेरा घुसारेर 'लाइभ' गर्ने र रमिता देखाउने काम निकै नै अस्वभनिय विषय हो।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## टरिगाउँ विमानस्थलमा 'न त जहाजको टुङ्गो, न त बजेटकै'

*दीपक बोहरा*

दाङको तुलसीपुर उपमहानगरपालिका-१२ स्थित टरिगाउँ विमानस्थल नेपालकै पुराना विमानस्थलमा पर्छ। विसं २०११ मा सञ्चालनमा आएको हो तर यस विमानस्थल सुरुआतदेखि जत्रो थियो, त्योभन्दा ठूलो बनाउन सकिएको छैन। हाल विमानस्थलको लम्बाइ ७५० मिटर रहेको छ। धावनमार्ग सानो भएकै कारणले अहिले ठूला विमानहरु बस्न सक्दैनन्। उन्नाइस सिट क्षमताको जहाज मात्रै बस्छन्। त्योभन्दा ठूला जहाज बस्न नसक्दा नियमित पनि हुन सकेको छैन भने भाडा पनि महँगो हुँदा प्रभावकारी रुपमा सेवा सञ्चालन हुन सकेको छैन।

"हामीले हप्तामा चार दिन हवाई सेवा सञ्चालन गरिरहेका छौँ", नेपाल एयरलाइन्सका तुलसीपुर शाखा प्रमुख बलबहादुर सुनारले भन्नुभयो, "तर, नियमित छैन, कहिले महिनामा दुई दिन मात्रै पनि चल्छ।" आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार उडान हुने भनिए पनि नियमित हुन सकेको छैन। कहिले यात्रु नभएर समस्या हुन्छ भने कहिले मौसमले पनि आउन सक्दैन। यसले गर्दा यहाँका यात्रुहरु भैरहवा र नेपालगञ्ज जानुपर्ने बाध्यता रहेको छ। अहिलेको धावनमार्ग ७५० मिटर मात्रै लम्बाई हुँदा ठूला जहाज बस्न सक्दैनन्। यसको धावनमार्ग विस्तारका लागि पटक-पटक आवाज उठे पनि पूरा हुन सकेको छैन।

तुलसीपुर उपमहानगरपालिकाले उपप्रमुख स्यानी चौधरीको नेतृत्वमा विमानस्थल स्तरवृद्धिको पहलका लागि समिति गठन गरी काम अगाडि बढाएको थियो। "स्तरवृद्धिका लागि भनेर पटक-पटक मन्त्रालय धाउँदा पनि खासै उपलब्धि हुन सकेन। हाम्रो पालिकाभित्र भएकाले हामीले पहल लिइरहेका छौँ", उपप्रमुख चौधरीले भन्नुभयो। उहाँका अनुसार उपमहानगरपालिकाले यसअघि आफैँले केही यात्रु बराबरको भाडा तिरिदिनेसहमति गरेर विमान नियमित बनाएको थियो भने तुलसीपुर उद्योग वाणिज्य सङ्घले पनि पटक-पटक विमान नियमित बनाउनलाई पहल लिइरहेको थियो। सुरुआतमा दाङको टरिगाउँ विमानस्थलबाट जहाज रुकुमको सल्ले, चौरजहारी तथा बाँकेको नेपालगञ्ज समेत जान्थ्यो। सुरुमा टरिगाउँ विमानस्थलमा आएर यात्रु लैजानका लागि एक दिन नेपालगञ्ज हुँदै काठमाडौँ जाने गरेको नागरिक समाजका पूर्वअध्यक्ष टीकाराम रेग्मीले बताउनुभयो। उहाँका अनुसार अर्को दिन टरिगाउँबाट रुकुमको चौरजहारी गएर पुनः काठमाडौँ जान्थ्यो भने तेस्रो दिन रुकुमको सल्ले गएर काठमाडौँ जान्थ्यो। त्यतिबेला 'डकोटा' नामको विमान चल्थ्यो। यसरी नियमित तीन दिन हवाई सेवा सञ्चालनमा हुन्थ्यो।

### वक्तव्य किताबमा आउँदैनथ्यो

आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यदेखि दाङको टरिगाउँ विमानस्थलमा नियमितजसो बजेट वक्तव्यमा आउने गर्थ्यो तर बजेट भने नआउने समस्याले यस क्षेत्रका नागरिक आजित छन्। आव २०६८/६९ मा धावनमार्ग कालोपत्रे भएको थियो। "जतिबेला कर्मचारी सञ्चय कोषबाट ऋण लिएर देशका विभिन्न विमानस्थलहरुको कालोपत्रे गरिएको हो, त्यतिबेला हामीसँग पैसा थिएन", तत्कालीन पर्यटनमन्त्री लोकेन्द्र विष्ट मगरले भन्नुभयो, "कर्मचारी सञ्चय कोषबाट ऋण लिएर भए पनि कालोपत्रे गरेका हौँ।" त्योभन्दा अघि टरिगाउँ विमानस्थल घाँसेमैदान थियो।

करिब रु साढे आठ करोड लागतमा अस्पाल्ट प्रविधिबाट विमानस्थल कालोपत्रे भएको हो। त्यसपछि २०७८ सालतिर ५८ लाख लागतमा टर्मिनल भवन बन्यो। त्यसबाहेक अन्य बजेट आएको छैन। आगामी आव २०८३/८४ का लागि पनि बजेट वक्तव्यमा समावेश भएकाले यसपटक बजेट बिनियोजन हुने दाङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य कमल सुवेदीले बताउनुभयो। उहाँले पहिलो चरणमा रु २५ करोडको हाराहारीमा बजेट विनियोजन गरेर बहुवर्षीय बनाउने गरी तयारी गरेको बताउनुभयो। बहुवर्षीय बनाएमा यो विमानस्थल स्तरवृद्धि हुने उहाँको विश्वास छ।

खासगरी टरिगाउँ विमानस्थलको धावनमार्ग विस्तारका लागि बजेट आवश्यक हो। हाल ७५० मिटर लम्बाइ भएको धावनमार्गलाई बढाएर १५ सय मिटरसम्म बनाउन सकेमा मात्रै ठूला जहाज बस्न सक्छन् तर हाल १९ सिट क्षमताका टुइनेटर जहाज मात्रै बस्ने र सानो हावा वा हुस्सु लागेपछि बस्न नसक्ने अवस्था रहेको छ। कहिले आउने र कहिले नआउने हुँदा यात्रुहरुको विश्वास समेत जित्न नसक्दा यस क्षेत्रका यात्रुहरु भैरहवा वा नेपालगञ्ज जानुपर्ने बाध्यता छन्। २०११ सालदेखि २०४२ सालसम्म नियमित रूपमा विमान सञ्चालनमा भएको विमानस्थल त्यस बीचमा नियमित हुन सकेको थिएन। तै पनि कहिले आउने र कहिले नआउने गर्दै २०५८ सालसम्म चल्यो।

कालोपत्रे गरेपश्चात् पुनः २०७२ जेठ १४ गते गोमा एयरले उडान भर्न सुरु गरेको थियो तर त्यो एक वर्ष पुग्दानपुग्दै अवरुद्ध बन्न पुग्यो। हाल कहिलेकाहीँ नेपाल एयरलाइन्सले यस विमानस्थलमा उडान भरिरहेको छ। बादल वा हुस्सु लाग्यो वा सानो हावा लाग्यो भने पनि उडान हुँदैन। हाल हप्तामा चार दिन भनिए पनि महिनामा दुई दिनजसो मात्रै उडान हुने गरेको एयरलाइन्सका दाङ शाखा प्रमुख बलबहादुर सुनारले बताउनुभयो। "हप्तामा चार दिनको तालिका छ", उहाँले भन्नुभयो, "तर, महिनाको दुई दिन पनि जहाज धौ-धौ आउँछ।"

### वैकल्पिक उपायको खोजी

दाङमा वैकल्पिक विमानस्थलको बहस पनि थालियो। त्यसको मारमा पनि टरिगाउँ विमानस्थल परेको छ। आव २०७५/७६ को बजेटमै जिल्लामा वैकल्पिक विमानस्थलको खोजी गर्ने भनी बजेट आयो। त्यसकै जगमा आव २०७७/७८ र आव २०७८/७९ मा नारायणपुरमा अन्तरराष्ट्रियस्तरको विमानस्थल बनाउने भनी बजेट वक्तव्यमा समावेश भयो। केही बजेट पनि आयो तर काम हुन नसकी 'फ्रिज' भयो।

विमानस्थल विस्तारका लागि चार विकल्प दिइएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न चार विकल्प दिएर टरिगाउँ विमानस्थल विस्तार गर्न सकिने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएको छ तर पहिलो विकल्प अनुसार नै काम गर्ने गरी अगाडि बढे पनि त्यो हुन सकेको छैन। पहिलो विकल्प भनेको हाल भइरहेको धावनमार्ग नै विस्तार गरी १२३० मिटर लम्बाई 'रनवे' हुन सक्छ भन्ने रहेको छ। यसका लागि ५७ बिघा जग्गा चाहिन्छ। अहिले विमानस्थलको ३९ विघा जग्गा छ। बाँकी सामुदायिक बनको १२ विघा, अधिग्रहण १.२ विघा र सार्वजनिक जग्गा ४.८ विघा लैजानुपर्ने हुन्छ।

यसरी विमानस्थल बनाउँदा रु छ अर्ब १५ करोड ९१ लाख ५४ हजार आठ सय लागत अनुमान गरिएको छ। यसमा फुटपाथ तथा संरचना निर्माणका लागि रु दुई अरब ७६ करोड ५० लाख ९४ हजार ८६०, भवनलगायतका सामग्रीहरुका लागि रु तीन अरब १३ करोड ४२ लाख ४० हजार, विविध कामका लागि रु १५ करोड ७३ लाख २० हजार र जग्गा अधिग्रहण तथा भवन निर्माणका लागि रु १० करोड २५ लाख लागत अनुमान गरिएको छ।

यस विकल्पअनुसार अहिले रहेका घरहरु हटाउनु पर्दैन। मन्दिर क्षेत्रको केही जग्गा प्रयोग हुनेछ। यसरी विमानस्थल बनाउँदा एकातिरबाट मात्रै अवतरण र उडान गर्नुपर्ने हुन्छ। यसमा रातको समयमा र कम 'भिजिविलिटी' हुँदा अवतरण गर्न कठिन हुन्छ। रातको समयमा हवाई अवतरण गर्नका लागि थप ४५० मिटर जमिन चाहिन्छ। यस अनुसार अनुसार काम गरेमा पाँच वर्षमा विमानस्थल बन्नेछ। यसमा आइई र इआइए गर्न दुई वर्ष लाग्नुका साथै जग्गा अधिग्रहण गरेपछि तीन वर्ष लाग्ने बताइएको छ।

### इन्धन डिपो पनि मारमा

हाल सोही ठाउँमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरिसकेको छ। त्यो सबै खर्च नेपाल आयल निगमको हो। विमानस्थलको जग्गा मात्रै निगमलाई उपलब्ध गराइएको हो तर महिनामा एक/दुई पटक मात्रै इन्धन खपत हुने गर्दा त्यसबाट खासै आम्दानी लिन नसकिएको इन्धन डिपो कार्यालय तुलसीपुरका लेखा अधिकृत कैलाश देवकोटाले बताउनुभयो। "महिनामा एक-दुई पटक मात्रै इन्धन खपत हुन्छ",उहाँले भन्नुभयो, "त्यसले त हाम्रो लगानी अनुसार घाटा नै हुन्छ।" उहाँका अनुसार चालु आर्थिक वर्षको जेठसम्म ४० हजार ८६५ लिटर मात्रै इन्धन खपत भएको छ।

## परीक्षा प्रणाली सुधार्दै कृषि विश्वविद्यालय

चितवन। चितवन जिल्लास्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयले परीक्षा प्रणालीलाई छिटो छरितो बनाउन सुरु गरेको छ।

विश्वविद्यालयका आठ आङ्गिक र आठ सम्बन्धन प्राप्त कलेज छन्। सबैभन्दा बढी कृषिका विद्यार्थी अध्ययनरत छन्। एउटै सङ्कायको नतिजा आउन वर्ष दिनसम्म लाग्ने गरेकामा अहिले दुई महिनाभित्रमा नतिजा आउनेगरी काम सुरु गरिएको छ। विश्वविद्यालयका परीक्षा नियन्त्रक प्रा डा मनोज शाहले एकै समयमा परीक्षा सम्पन्न भएका परीक्षार्थीको नतिजा एकैपटक हुनेगरी काम भइरहेको बताउनुभयो। विश्वविद्यालयमा कृषि सङ्काय, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान सङ्काय र वन विज्ञान सङ्काय स्नातक, स्नातकोत्तर र विद्यावारिधि पढाइ हुँदै आएको छ।

विश्वविद्यालयका रजिष्ट्रार प्रा डा सुविर सिंहले थोरै विद्यार्थी भएकाहरूको सेमेष्टरको नतिजा एक महिनाभित्रमा र धेरै विद्यार्थी भएका सङ्कायको दुई महिनाभित्रमा नतिजा प्रकाशन गर्न सुरु गरि एको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "थोरै विद्यार्थी भएका स्नातकोत्तर र विध्यावारिधिको परीक्षा सकिएको एक हप्तामा नै नतिजा दिन थालिएको छ।"

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# दुई दिनको बिदाको प्रभावः पर्यटकीय गन्तब्यमा थप चलायमान

बागमती । शनिबार र आइतबार सार्वजनिक बिदा दिने प्रावधान कार्यान्वयन गरिए पछि पर्यटकीय गन्तव्य थप चलायमान हुन थालेका छन् ।

गर्मीका कारण यो समयलाई आन्तरिक घुमफिरको यामका रुपमा लिइँदैन । चितवनको सौराहामा दुई दिन बिदाको समय पारेर आएका पर्यटकका कारण त्यहाँका होटेल तथा रेष्टुराँ आन्तरिक पर्यटकले भरिभराउ भएका जनाएको छ । साथै जङ्गल सफारीका लागि जिप लाग्ने ठाउँ होस् वा हात्ती चढ्ने ठाउँ सबैतिर पर्यटकहरू खचाखच भरिएका छन् । प्रकृति, संस्कृति र साहसिक पर्यटनको गन्तव्यको उपमा दिइने नेपालको चितवन पनि तिनै पर्यटकीय महत्व बोकेको गन्तव्यमध्येमा एक हो । विशेष गरी जल पर्यटन, वन्यजन्तु अवलोकन आदिका लागि स्वदेशी एवं विदेशी पर्यटकको आकर्षक गन्तव्यका रुपमा चितवनले आफ्नो पहिचान बनाइसकेको छ ।

बरिष्ठ पर्यटन व्यवसायी एवं युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले पछिल्ला समयमा चिवनमा आन्तरिक पर्यटकको आगमन पनि बढ्दो अवस्थामा रहेको जानकारी दिनुभयो । सरकारले शनिबार र आइतबार दिएको दुई दिने बिदाको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव परेको उहाँले बताउनुभयो ।

"विशेष गरी यो याम चितवनमा गर्मी हुने भएकाले पर्यटकको यामका रुपमा लिइँदैन", उहाँले भन्नुभयो, "दुई दिने बिदाको समय घुमफिर गरी उपयोग गर्नका लागि गर्मीको कुनै प्रवाह नगरी पर्यटक आउने गरेका छन् ।"

पछिल्ला समयमा बिदालाई अधिकांशले घुमफिरमा उपयोग गर्न थालेको उल्लेख गर्दै उहाँले यसअघि लगातार चार दिनसम्म बिदा पर्दा एउटै समूहका व्यक्तिहरू चितवनको सौराहादेखि लुम्बिनी हुँदै पोखरासम्म्म भ्रमण गरेको आफूले प्रत्यक्ष देखे भोगेको जानकारी गराउनुभयो ।

पर्यटकको सुविधालाई लक्षित गरी सहकारीले हाल ३० वटा हात्ती सफारीका लागि प्रयोग गरिरहेको उहाँले जानकारी दिनुभयो । पर्यटकले यहाँ आएर बिहान ६:३० बजेदेखि ९:३० बजेसम्म, दिउँसो १:०० बजेदेखि ३:०० बजेसम्मका साथै बेलुका ४:३० बजेदेखि ६:०० बजेसम्म हात्ती सफारी गर्न पाउँछन् ।

करिब १:३० घण्टा समयावधि हात्ती सयर गरेबापत आन्तरिक पर्यटकले रु एक हजार ६५० बुझाउने पर्यटन व्यवसायी अमित गुरुङले जानकारी दिनुभयो । स्वदेशी पर्यटकका साथै विदेशी पर्यटक चितवन आएर हात्ती सफारीमा रमाउने गरेको उहाँले बताउनुभयो ।

अर्का पर्यटन व्यवसायी आशिष रेग्मीका अनुसार हात्ती सयर चितवनको महत्वपूर्ण पर्यटकीय आकर्षण बने पनि कोभिड-१९ यता हात्तीको किनबेच भएको छैन । यसअघि रहेका हात्तीबाट नै हात्ती सयर गराउँदै आइएको छ ।

एउटा हात्तीलाई पाल्नका लागि दुई जना कर्मचारीसहित महिनामा रु एक लाखभन्दा बढी खर्च हुने उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार सामान्यत: एउटा हात्तीलाई दिनमा करिब २५ किलो धान, दुई किलो चना, ढिके नुन, सक्खर आदि आवश्यक पर्दछ ।

पछिल्ला वर्षमा चितवनको सौराहा वन्यजन्तु अवलोकनका साथै जलविहार समेतका कारण प्रसिद्ध रहेको उहाँले बताउनुभयो । पर्यटकलाई लक्षित गरी बनाइएका होटल, लज, रिसोर्ट र रेष्टुराँका कारण यहाँ आउने जो कोही पर्यटकलाई खान बस्नको असुविधा नरहेको उहाँले बताउनुभयो । चितवन राष्ट्रिय निकुञ्ज वन्यजन्तु अवलोकनका साथै चरा पर्यटनका लागि पनि उत्तिकै आकर्षण युक्त स्थान बनेको छ । हात्ती तथा जीपमा सयर गरी जङ्गल सफारी, वन्यजन्तु अवलोकन, चरा अवलोकन, राप्ती नदीमा डुङ्गा सयर गर्दै चराचुरुङ्गी, गोही आदिको अवलोकन, सूर्यास्त अवलोकन पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

त्यस्तै स्थानीय थारु संस्कार र संस्कृतिको अवलोकन पनि यहाँका प्रमुख आकर्षणका रुपमा रहेका छन् । बालकदेखि वृद्धसम्म सबैजसो उमेर समूहका व्यक्तिहरूले यहाँ आएर हात्ती सफारी गरी बँदेल, बाघ, गैँडा, गोही, बाँदर आदि वन्यजन्तुका साथै विभिन्न प्रजातिका चराचुरुङ्गी हेर्ने गर्दछन् । सफारीका क्रममा देखिने हरियालीका साथै घाँसे मैदानहरूले पनि यहाँ आउने पर्यटकलाई आकर्षित गर्ने गरेको छ ।

यहाँको राप्ती नदीमा डुङ्गामार्फत जलविहारका क्रममा नदी किनारामा घाम तापेर बसेका देखिने गोही, ठाउँठाउँमा देखिने गैँडालगायतका वन्यजन्तु, चराचुरुङ्गी आदिले जो कोहीलाई लोभ्याउने गरेको छ ।

पर्यटकको बढ्दो आगमनसँगै यस क्षेत्रका होटेल तथा रेष्टुराँहरू राम्रैसँग चलिरहेको टिफिन होम एण्ड रेष्टुराँका सञ्चालक स्वस्तीका भट्टले जानकारी दिनुभयो । पछिल्ला वर्षमा सबैजसो याममा यस क्षेत्रमा पर्यटकको आगमन बढिरहेको उहाँले भन्नुभयो, "पछिल्ला समयमा यो वा त्यो जुनसुकै महिनामा पर्यटक चितवन आउने गरेका छन् ।" हप्ताको दुई दिन बिदाले आन्तरिक पर्यटनमा सकारात्मक परिवर्तन देखिएको व्यवसायीको अनुभव छ ।

# नेपालगञ्ज भन्सार : राजस्व संकलनमा वृद्धि

बाँके । भारतबाट नेपाल भित्रिने सामानमा अनिवार्य भन्सार शुल्क लगाएपछि नेपालगञ्ज भन्सार कार्यालयको मासिक राजस्व सङ्कलनमा वृद्धि भएको छ ।

एक सयभन्दा बढीको सामानमा अनिवार्य भन्सार नीति कार्यान्वयन गरेपछि विगतका महिनामा भन्दा भन्सार राजस्व उल्लेख्य रुपमा वृद्धि भएको नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले बताउनुभयो ।

उहाँका अनुसार, भन्सारमा कडाई गरेपछि चैत र बैशाख महिनामा राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि देखिएको छ । गत फागुन महिनामा रु एक अर्व ९३ करोड, ३८ लाख १९ हजार सङ्कलन भएकोमा चैत महिनामा रु दुई अर्व १४ करोड, २५ लाख ५४ हजार र वैशाख महिनामा रु एक अर्ब ८४ करोड, २८ लाख २१ हजार राजस्व सङ्कलन भएको छ ।

हरेक सामान किनमेलनका लागि सीमापारि भारतीय बजार रुपैडिहा जाने प्रवृत्ति बदल्ने उद्देश्यले नाकामा कडाइ गर्दा राजस्व वृद्धि हुनुका साथै नेपागञ्जको व्यापार व्यवसाय फस्टाउँदै गएको उहाँले जानकारी दिनुभयो ।

नेपालगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको दश महिना अवधिमा लक्ष्यको करिब ६८ प्रतिशत बढी राजस्व सङ्कलन गरेको छ । चालु आव २०८२/०८३ का लागि वार्षिक लक्ष्य रु २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार निर्धारण भएकोमा वैशाख मसान्तसम्म दश महिनामा मात्र रु १६ अर्ब ७३ करोड ९७ लाख ५९ हजारअर्थात् लक्ष्यको ६८ दशमलव दुई प्रतिशत असुली भएको छ ।

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी ओलीले सीमा नाकामा कडाइपछि धेरै उपभोक्ता सीमापारि जान छाडेकोले नेपाली स्थानीय बजार चलायमान हुन थालेको बताउनुभयो ।

# दलित समुदायको इतिहास झल्काउने लुहारेकोट

मान्म । दलित समुदायको इतिहास झल्काउने लुहारेकोट विकसित हुँदै गएको छ । स्थानीय सरकारले लुहारेकोटलाई धार्मिक, ऐतिहासिक र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाएसँगै लुहारेकोटको महत्व बढ्दै गएको हो ।

कालीकोटको खाडाँचक्र नगर-पालिका-१ को मान्म सदरमुकाम बजारमा अवस्थित छ, लुहारेकोट । लुहारेकोट क्षेत्रलाई ऐतिहासिक दलित समुदायको वीरता र साहसको प्रतीकका रूपमा लिने गरिएको छ ।

सदरमुकामको सिरानीमा निर्माण गरिएको प्रतिमासहितको संरचनाले स्थानीय इतिहास र संस्कृतिको संरक्षणमा समेत महत्त्वपूर्ण भूमिका खेलेको सामाजिक अभियन्ता बाले विश्वकर्माले बताउनुभयो । "लुहार समुदायका अनुसार यसस्थलको वास्तविक नाम 'लुहारेकोट' हो । यसको ऐतिहासिक पहिचानलाई सम्मानपूर्वक संरक्षण गरिनुपर्छ", उहाँले भन्नुभयो ।

स्थानीयको मौखिक इतिहास, वंशावली र जनविश्वासका आधारमा लुहारेकोटले खाँडाचक्र क्षेत्रको इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेको ठाउँ भएको खाँडाचक्र नगरपालिका-२ स्थित पञ्चदेव माध्यमिक विद्यालयका शिक्षक लक्षिराम विश्वकर्माले बताउनुभयो ।

"यस स्थलको संरक्षण, अध्ययन, अनुसन्धान तथा प्रचारप्रसार गर्नु भावी पुस्ताका लागि आवश्यक देखिन्छ", उहाँले भन्नुभयो । "स्थानीय जनश्रुति, मौखिक इतिहास तथा लुहार समुदायमा पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको वंशावलीका आधारमा लुहारेकोट केवल एउटा भौगोलिक स्थानमात्र नभई लुहार समुदायको राजनीतिक, सामाजिक र सांस्कृतिक केन्द्रका रूपमा परिचित रहेको छ ।'

यस स्थानको इतिहास लुहार समुदायका प्रथम पुर्खा मानिने शान्ति लुवारसँग जोडिएको र स्थानीय विश्वासअनुसार शान्ति लुवार नै लुहारेकोटका संस्थापक तथा यस क्षेत्रका प्रारम्भिक शासक भएको लक्षिरामले जानकारी दिनुभयो । "त्यस समयमा लुहारेकोटको तल हालको मान्म बजार क्षेत्रमा लुहार समुदायको ठूलो बस्ती रहेको थियो । हाल जिल्ला अदालत तथा जिल्ला समन्वय समितिको कार्यालय रहेको क्षेत्र वरिपरि लुहारहरूको पुरानो बस्ती रहेको मानिन्छ । उक्त बस्तीभन्दा माथि रहेको विशाल तथा अग्लो ढुङ्गालाई नै 'लुहारेकोट' भनिएको हो ।

# मप विश्वविद्यालयको दीक्षान्तमा एक हजार ९२८ जना विद्यार्थी दीक्षित हुँदै

कर्णाली । मध्यपश्चिम विश्वविद्यालयले सिनेट, दीक्षान्त कार्यक्रम आज आयोजना गरिएको छ । विश्वविद्यालयले १८औं सिनेट, चौथो दीक्षान्त र १६औं वार्षिकोत्सव समारोह यही असार ३ गते एकै दिन गर्ने भएको हो ।

चौथो दीक्षान्त समारोह तथा विश्वविद्यालयसभा-२०८३ को सञ्चार तथा प्रचारप्रसार उपसमितिका संयोजक डा विष्णुकुमार खड्काले दीक्षान्त समारोहमा ग्रेस लिष्टमा रहेका एक हजार ९२८ जना विद्यार्थी दीक्षित हुन लागेको राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार कूल विद्यार्थीमध्ये ४५५ विद्यार्थीहरुले दीक्षान्त समारोहमा सहभागिता जनाउन आवेदन दिएका छन् ।

विश्वविद्यालय सात ग्राजुएट स्कुलअन्तर्गत शैक्षिकोपाधि हासिल गरेका स्नातक तहका एक हजार २२२, स्नातकोत्तर तहका ६९४ र दर्शनाचार्य तहका १२ जना विद्यार्थीलाई दीक्षित गर्नेगरी तय भएको उहाँले बताउनुभयो । संयोजक डा खड्काका अनुसार हालसम्म विश्वविद्यालयबाट यस छ हजार ३७० विद्यार्थी दीक्षित भइसकेका छन् । समारोहको अध्यक्षता विश्व-विद्यालयका सहकुलपति एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् केदारभक्त माथेमाको प्रमुख आथित्यता रहने संयोजक डा खड्काले जानकारी दिनुभयो । मप विश्वविद्यालयका उपकुलपति डा नारायणप्रसाद पौडेलले सभामा आम्दानीको खर्च, आगामी आव २०८३/ ०८४ को प्रस्तावित रु एक अर्ब ४९ करोड बजेट स्वीकृत र ग्रेस लिष्टमा रहेका विद्यार्थीलाई दीक्षित गर्ने प्रस्ताव रहेको बताउनुभयो ।

# टीकापुरमा भूमिपूजाको रौनक

टीकापुर । मगर जातिको संस्कृतिसँग जोडिएको भूमिदेवताको पूजा गर्ने भूमिपर्व सुरुआत भएको छ । पर्व मनाउन दाङदेखि कैलालीसम्मका ती जातिका अगुवा टीकापुर आइपुगेका छन् ।

नेपाल मगरसङ्घ टीकापुरको आयोजित कार्यक्रमका सहभागीले भूमिपर्वको महत्वका बारेमा चर्चा गरेका छन् । ती समुदायले भूमि, प्रकृति र कृषि उत्पादन वृद्धि होस् भनी मनाउने गर्दछन् । मगर समुदायका अगुवा धर्मराज घर्ती मगरले बताउनुभयो । "'भूमे पर्वमा हामीले राम्रो बाली उत्पादन होस् भनी पूजा गर्ने गर्दछौं । आज बिहानै एकै ठाउँमा सबै जम्मा भएर पूजा गरिएको छ", उहाँले भन्नुभयो, "प्राकृतिक विपत्तिबाट सुरक्षा, मानिसको सुख र समृद्धिको कामना गरिन्छ ।"

नेपाल मगरसङ्घ टीकापुरका कार्यवाहक अध्यक्ष दिलु घर्ती मगरले पहिलो दिन भूमि पूजासहित विविध कार्यक्रम गरिएको र आज विभिन्न कार्यक्रम गरी समापन हुने जानकारी दिनुभयो ।

"कार्यक्रममा मगर समुदायमा संस्कृति, नाचगान, पहिरन, गरगहना प्रस्तुत गरेका छौँ", उहाँले भन्नुभयो, "संस्कृति र परम्परा युवा पुस्तालाई सिकाउने प्रयास पनि गरेका हौं ।" दाङका आशबहादुर जिगमले मगर समुदायमा प्रचलित पर्व मनाउन आफू दाङदेखि टीकापुर आएको बताउनुभयो । "दैविक क्षति नहोस्, विपत्तिबाट बच्न सहयोग होस् भनी भूमि पूजा गर्ने, नाचगान गर्दै रमाइलो गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "सामूहिक नाचगान, सांस्कृतिक कार्यक्रम भइरहेका छन् । भूमि प्रतिको सम्मानको महत्व बढाउन यो कार्यले सघाउँछ ।"

सुदूरपश्चिम प्रदेशसभा सदस्य लक्ष्मणकिशोर चौधरीले पर्वले प्रकृतिप्रतिको सम्मान, सामुदायिक एकता र सांस्कृतिक पहिचान संरक्षणमा योगदान दिने बताउनुभयो । "स्थानीय परिकार तथा खानाको समेत सामूहिक रुपमा खानपान गर्ने अभ्यास राम्रो लाग्यो", उहाँले भन्नुभयो, "जमिन नभए हामी भोकै हुन्छौं, हाम्रो पेट भर्ने भूमिको पूजा गर्ने चलन राम्रो हो ।"

टीकापुर नगरपालिका-१ का वडाध्यक्ष मोहन लुहार विक, मगर समुदायका अगुवा रमेश थापा मगर, सङ्घका सुदूरपश्चिम अध्यक्ष दलबहादुर घर्ती मगर, मगर सङ्घका जिल्ला अध्यक्ष वीरेन्द्र थापा मगर, कमल पुन मगरलगायतले भूमि पूजाको महत्वबारे बोल्नुभएको थियो ।

# चिकित्सा शिक्षा आयोगद्वारा छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत

काठमाडौँ । चिकित्सा शिक्षा आयोगले छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी जारी गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा मंगलबार बसेको आयोगको बैठकले उक्त निर्णय गरेको हो ।



प्रधानमन्त्री शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार शिक्षा तथा खेलकुद र अर्थ मन्त्रालयबाट सहमतिप्राप्त भएको २४ घण्टा नबित्दै आयोगले कार्यविधि पास गरेर विगतदेखिको कानुनी अस्पष्टता र समस्यालाई दीर्घकालीन रूपमा समाधान गरेको हो ।

नेपाल राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ मार्फत राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा दफा ५४ (ख) थपिएसँगै आयोगलाई आवश्यक निर्देशिका र कार्यविधि बनाउने कानुनी बाटो खुलेको थियो ।

यसअघि विधायन ऐन, २०८१ को दफा ३५ का कारण आयोगका पुराना सबै निर्देशिका र कार्यविधि स्वत: अमान्य (खारेज) हुँदा कानुनी रिक्तता भएको थियो ।

उक्त समस्या समाधानका लागि असार १ गते अर्थ मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयबाट सकारात्मक रायसहितको सहमति प्राप्त भएको थियो । कार्यविधिले सार्वजनिक शिक्षण संस्थालाई नि:शुल्क छात्रवृत्ति, स्नातकोत्तर तह (डिएम, एमसिएचसमेत)मा नि:शुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गराउने बाटो खुलेको छ ।

यस कार्यविधिले आयोगको तर्फबाट चिकित्साशास्त्र अध्ययन गराउने शिक्षण संस्थालाई सबै तहमा (स्नातकोत्तर तह डिएम, एमसिएचसमेत)मा नि:शुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गर्ने बाटो खुलेको छ ।

बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको सहअध्यक्षता तथा आयोगका उपाध्यक्ष प्रा डा श्रीकृष्ण गिरी र अन्य सदस्यहरूको उपस्थिति रहेको थियो ।

## निःशुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि १२ सय बढीको उपचार

काठमाडौँ । सरकारले विपन्न वर्गको स्वास्थ्य उपचारका लागि निःशुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि त्यसमार्फत निःशुल्क सेवा लिनेको सङ्ख्या एक हजार २०० नाघेको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले निःशुल्क स्वास्थ्य उपचारको संवैधानिक हक कार्यान्वयन गर्न गत वैशाख ३ गतेदेखि अस्पतालका निःशुल्क शैयासम्बन्धी सूचना दिने अनलाइन प्रणाली 'निःशुल्क स्वास्थ्य पोर्टल' सञ्चालनमा ल्याएसँगै विपन्न वर्ग लाभान्वित भएका हुन् ।

पोर्टलमा अद्यावधिक गरिएको जानकारीअनुसार देशभरका सबै अस्पतालमा गरी तत्काल कुल २३ हजार ४५६ वटा शैय्या उपलब्ध छन् । सो सङ्ख्याको १० प्रतिशतअर्थात् दुई हजार ३५६ शैय्या पूर्णतः निःशुल्क उपलब्ध छन्। उपलब्ध कुल निःशुल्क शैय्यामध्ये हाल ३५४ शैय्यामा बिरामी छन् । यसरी तत्काल दुई हजार दुई शैय्या निःशुल्क उपलब्ध छन् । पोर्टलमा देशभर तत्काल उपलब्ध शैय्या सङ्ख्या, त्यसको १० प्रतिशतले हुन आउने निःशुल्क शैय्या, हाल प्रयोग भइरहेको निःशुल्क शैय्या र बाँकी रहेको निःशुल्क शैय्या सङ्ख्याको अद्यावधिक जानकारी हुन्छ ।

मन्त्रालयले पोर्टलमार्फत अस्पतालहरुमा उपलब्ध हुने अन्य सेवाहरुको अद्यावधिक जानकारी समेत उपलब्ध गराउने तयारी गरेको जनाएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले संविधान र कानूनले विपन्न वर्गका लागि दिएको सुविधा ती वर्गले पाउने अवस्था सुनिश्चित गर्न निःशुल्क पोर्टल कार्यान्वयनमा ल्याइएको बताउनु भयो । उहाँले भन्नुभयो "यसो नगर्दा लक्षित वर्गले अस्पतालले चाहँदा पाउने नत्र निःशुल्क स्वस्थ्य सुविधा नपाउने अवस्था थियो, त्यसैले विपन्न वर्गका पक्षमा स्वास्थ्य पोर्टल सुरु गरेका हौं ।"

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने भन्ने व्यवस्था छ ।

साथै नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७० घ मा "अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैय्याको १० प्रतिशत शैय्या छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था छ । त्यसको कार्यन्वयनको लागि अस्पताल हरुमा निःशुल्क उपचार सेवा प्रभावकारी, पहुच योग्य र पारदर्शी बनाउने उद्देश्यले यो अनलाइन प्रणालीको विकास गरिएको जानकारी स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले दिनुभयो । उहाँले भन्नुभयो "विगतमा कार्यविधि नहुँदा के के कुरा निःशुल्क हुने भन्नेमा अन्योल थियो । कार्यविधि बनेपछि सबै पक्षलाई सहज भएको छ ।"

स्वास्थ्य पोर्टल व्यवस्थापनका क्रममा जारी कार्यविधिले १० अस्पतालमा लक्षित वर्गका लागि १० शैय्या अनिवार्य छुट्याइएको हुनुपर्ने, ती शैय्यामा भर्ना हुने बिरामीलाई अस्पतालमा उपलब्ध हुने सबै सेवा निःशुल्क दिनुपर्ने र निःशुल्क शैय्यासम्बन्धी सम्पूर्ण जानकारी निःशुल्क पोर्टल र अस्पतालको सूचना पाटीमा सबैले देख्नेगरी राख्नुपर्ने व्यवस्था गरेको छ ।

सरकारले विपन्न वर्ष लक्षित पोर्टल लागू गरेपछि अस्पतालको अनुगमनका लागि छ वटा समिति गठन गरी देशका ११ वटा सङ्घीय अस्पतालमा खटाएको जनाएको छ ।

## दुई सयभन्दा बढीले लिए निःशुल्क विशेषज्ञ सेवा

तम्घास । स्थानीय चन्द्रकोट गाउँपालिका-२ विशुखर्कमा सञ्चालित निःशुल्क स्वास्थ्य शिविरबाट २०४ जना स्थानीय लाभान्वित भएका छन् ।

शिविरमा नशा तथा हाडजोर्नी रोग विशेषज्ञ डा रमेश अर्याल र मुटुरोग विशेषज्ञ डा कपिल गौतमले स्वास्थ्यकर्मीको टोलीले मधुमेह, उच्च रक्तचाप, थाइराइड, बाथ, छातीलगायत रोगका बिरामीको स्वास्थ्य परीक्षण गर्नुभएको थियो । शिविरमा १२६ जना महिला र ७८ पुरुषले सेवा लिएको वडाध्यक्ष कमल केसीले जानकारी दिनुभयो । गत आर्थिक वर्षदेखि विशुखर्क स्वास्थ्यचौकीमा विशेषज्ञ डाक्टरसहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुँदै आएको छ । त्यसबाट गाउँका गरिब एवं विपन्न परिवार लाभान्वित भएका छन् । "स्वास्थ्य नै ठूलो धन हो भन्ने पढेका थियौँ", वडाध्यक्ष केसीले भन्नुभयो, "अहिले त्यही विषयलाई व्यवहारमा लागू गर्दैछौं ।"

## एक सय ८० किशोरीले लिए आत्मरक्षा तालिम

देवदह (रुपन्देही) । रुपन्देहीको सिद्धार्थनगर नगरपालिका (भैरहवा)का चारवटा सामुदायिक विद्यालयमा सञ्चालित किशोरी लक्षित आत्मरक्षा तालिमबाट १९० जना किशोरी प्रशिक्षित भएका छन् ।

सामाजिक विकास डिभिजन कार्यालयको आयोजना तथा भैरहवा तेक्वान्दो क्लबको व्यवस्थापनमा गत वैशाख १७ देखि जेठ ३० गतेसम्म तालिम सञ्चालन भएको थियो । भैरहवा नमूना माध्यमिक विद्यालयका ५०, रुपन्देही लीलाराम न्यौपाने माध्यमिक विद्यालयका ५०, पक्लिहवा माध्यमिक विद्यालयका ५० र सूर्यदेव माध्यमिक विद्यालयका ४० किशोरीले तालिम लिएको भैरहवा तेक्वान्दो क्लबका सचिव तथा तेक्वान्दो प्रशिक्षक प्रकाशमान राजभण्डारीले जानकारी दिनुभयो । तालिम समापनमा सिद्धार्थनगर नगरपालिका-५ का वडाध्यक्ष पुरनप्रसाद श्रेष्ठले आफ्नो सुरक्षा आफैं गर्न आत्मरक्षा तालिम वर्तमान समयको आवश्यकता भएको बताउनुभयो ।

## कैदी हत्या प्रकरणः १५ जनालाई जन्मकैदको सजाय

किमाथाङ्का (सङ्खुवासभा) । सङ्खुवासभाको जिल्ला कारागार खाँदबारीमा दुई जना कैदी हत्या प्रकरणका १५ जनालाई जन्मकैदको फैसला सुनवाई भएको छ ।

जिल्ला कारागारमा २०८० साउन २४ गते जिल्लाको मादी नगरपालिका-५ का २० वर्षीय विनोद तोलाङ्गी र नुवाकोटको ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको सुरक्षाकर्मी र केही कैदीबन्दीको कुटपिटबाट मृत्यु भएको थियो । कारागारको शौचालयको भ्यालको रड काटेर भाग्न खोजेको भन्दै नियन्त्रणमा लिएर सुरुमा प्रहरीले र त्यसपछि अन्य कैदीबन्दीले सामूहिक कुटपिट गर्दा दुई कैदीको मृत्यु भएको अनुसन्धानबाट खुलेको थियो ।

दुई कैदी हत्या प्रकरणका सात प्रहरीसहित १५ जनाई जन्मकैदको फैसला भएको जिल्ला अदालतका श्रेस्तेदार उज्वल न्यौपानेले जानकारी दिनुभयो । न्यायाधीश राजकुमार कोइरालाको इजलासले मलुकी अपराध संहिता २०७४ को दफा १७१ (१) बमोजिम कसुरमा जन्मकैद फैसला सुनाएको हो ।

त्यसैगरी सोही संहिताको १८६ बमोजिम प्रतिवादीबाट जनही ५० हजार मृतक तोलाङ्गी र बलामीका नजिकका हकदारलाई क्षतिपूर्ति भराउने ठहर गरेको अदालतका श्रेस्तेदार न्यौपानेले बताउनुभयो । कारागारको शौचालयको भ्यालको रड काटेर भाग्न खोजेको भन्दै नियन्त्रणमा लिएर सुरुमा प्रहरीले र त्यसपछि अन्य कैदीबन्दीले सामूहिक कुटपिट गर्दा उनीहरूको मृत्यु भएको अनुसन्धानबाट खुलेको थियो ।

कैदीको कुटपिटपछि हत्या घटनाका आरोपित सात जना प्रहरीलाई धनकुटा र आठ जना कैदीलाई तेह्रथुम कारागार चलान गरेको थियो । कैदी हत्या घटनामा प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी, प्रहरी जवान सुमन गुरुङ, कारागार सुरक्षा गार्ड दमनसिंह राई, हवल्दार राजकुमार श्रेष्ठ, जवान पवनकुमार महतो, सुरक्षा गार्ड नुसन राईलाई जन्मकैद फैसला भएको छ ।

त्यसैगरी चौकीदार राम कार्की, बडानाइके अनिष शर्मा कट्टेल, सचिन राई, सहनाइके सुमन सारुमगर, टीकाराम चौहान, नवीनकुमार राई तथा कैदीहरू मीनबहादुर तामाङ र इन्द्रध्वज घिमिरेलाई समेत जन्मकैद सजायको फैसला भएको अदालतका श्रेस्तादार न्यौपानेले जानकारी दिनुभयो । कैदीको कुटपिटपछि हत्या अभियोगमा जिल्ला कारागारका इन्चार्ज असईसहित सात जना प्रहरी र आठ जना कैदीबन्दीलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको थियो । तत्कालीन जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको इजलासले सात प्रहरीलाई धनकुटा र आठ कैदीलाई तेह्रथुम पठाउन आदेश भएको थियो ।

## सुदूरपश्चिम प्रदेश सरकारको अभियानः पोखौँ पसिना देशमै हाँसेर

प्रत्यूष समाचारदाता

अत्तरिया । सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ मा 'पोखौँ पसिना देशमै हाँसेर' अभियान सञ्चालन गर्ने भएको छ ।

सोमबार प्रदेशसभामा आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले आगामी आवका लागि प्रस्तुत गर्नुभएको बजेटमा उक्त अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

स्वदेशमै सीप, श्रम र सिर्जनशीलताको सम्मान गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको मन्त्री धामीले बताउनुभयो । सो अभियान अन्तर्गत कृषि क्षेत्रमा युवाहरूको आकर्षण बढाई उद्यमशीलता प्रवर्द्धन गर्न कृषि अध्ययन गरेका तथा विदेशबाट फर्केका युवाहरूलाई लक्षित गरी युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिने उहाँ बताउनुभयो ।

उक्त कार्यक्रम सञ्चालन गर्न रु दुई करोड पाँच लाख बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

प्रदेश सरकारले 'सानै छु म बढ्न देऊ, बालविवाह होइन, पढ्न देऊ' अभियानलाई पनि निरन्तरता दिइने छ । सो अभियानलाई निरन्तरता दिन बालविवाहविरुद्धको अभियान सञ्चालनका लागि रु एक करोड बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले विपन्न, दलित, मुक्त कमैया, मुक्त कमलरी, मुक्त हलिया, अपाङ्गता भएका व्यक्ति तथा एकल महिलालगायत लक्षित वर्गको सशक्तीकरण र आधुनिक उत्थानका लागि निःशुल्क जीविकोपार्जन लक्षित कार्यक्रम सञ्चालन गर्नेछ ।

निःशुल्क जीविकोपार्जन लक्षित कार्यक्रम सञ्चालनका लागि रु तीन करोड ६० लाख बजेट विनियोजन गरेको मन्त्री धामीले बताउनुभयो । सुदूरपश्चिम प्रदेश सरकारले आगामी आव २०८३/८४ का लागि रु ३७ अर्ब ७० करोड बजेट विनियोजन गरेको छ ।

## बिवाइडी विद्युतीय सवारी साधन फुकुवा

मुस्ताङ । मुस्ताङमा दुई सातादेखि सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका बिवाइडी कम्पनीको चाइनिज विद्युतीय सवारी साधनलाई फुकुवा गरिएको छ । सशस्त्र प्रहरी बल नेपालले जोमसोम र कोरलानाकामा नियन्त्रणमा लिइएका ती सवारीसाधन आइतबार साँझदेखि फुकुवा गरेको सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म जोमसोमले जनाएको छ ।

मुस्ताङको उत्तरी कोरलानाका हुँदै गत जेठको दोस्रो र तेस्रो हप्तामा बिवाइडी कम्पनीका ७७५ विद्युतीय सवारी साधनहरु नेपाल भित्रिएका थिए । ती मध्ये ६४९ विद्युतीय सवारीको मुस्ताङ भन्सार कार्यालय नेचुङले भन्सार जाँचपास गरेको जनाइएको छ । कोरलानाकाबाट यसरी भित्रिएका ती विद्युतीय सवारीसाधनको पैठारी प्रक्रियामा कैफियत हुनसक्ने आशङ्कामा सशस्त्र प्रहरी बलले उक्त सवारीसाधन नियन्त्रणमा लिएको थियो ।

कोरलानाकाबाट ती सबै विद्युतीय सवारीसाधनलाई साइमन ईंकले खरिद गरी नेपाल भित्र्याएको थियो । ती सवारीसाधनको कैफियत रहे /नरहेको यकिन गर्न अर्थ मन्त्रालयले भन्सार विभाग, नीति तथा सञ्चालन महाशाखा अन्तर्गतको मूल्याङ्कन शाखा प्रमुख रहेका निर्देशक भुपालराज शाक्यको संयोजकत्वमा तीन सदस्य छानबिन समिति गठन गरिएको थियो ।

सरकारद्वारा गठित छानबिन समितिको टोलीले गत जेठ२१ मा कास्की, पर्वत र मुस्ताङको जोमसोम र कोरलानाकामा सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका विद्युतीय सवारीसाधनको स्थलगत अनुमगन गरी अनुसन्धान सुरुआत गरेको थियो । उक्त समितिको प्रारम्भिक प्रतिवेदनअनुसार कोरलानाकाबाट नेपाल भित्रिएका विद्युतीय सवारीसाधनमा कैफियत फेला नपरेको प्रारम्भिक निष्कर्ष निकालेको जनाइएको छ ।

यसअघि सशस्त्र प्रहरी बल नेपालले गत दुई सातादेखि कास्कीको हेमजामा ९८ र पर्वतको कुश्मा १७ विद्युतीय सवारीसाधन नियन्त्रणमा लिएको थियो । यसैगरी मुस्ताङको कोरलानाकाबाट लोमान्थाङ हुँदै जोमसोम झारिएका २६६ र कोरलानाकामा ३९४ विद्युतीय सवारी साधनलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो ।

सशस्त्र प्रहरीद्वारा नियन्त्रणमा लिएका ती साधनलाई आइतबार साँझ सम्बन्धित पक्षको जिम्मा लगाइएको सशस्त्र प्रहरी बल नेपाल ३३ गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो । सशस्त्र प्रहरी बल नेपालको केन्द्रीय निर्देशनअनुसार नियन्त्रणमा लिइएका सबै विद्युतीय सवारीसाधन आइतबार साँझदेखि फुकुवा गरिएको उहाँले बताउनुभयो । कैफियतको आशङ्कामा कोरलानाकाबाट नेपाल भित्रिएका विद्युतीय सवारीसाधन दुई सातासम्म सशस्त्र प्रहरीको नियन्त्रणमा रहेको थियो । कैफियत फेला नपरेपछि जोमसोम र कोरलानाकामा नियन्त्रणमा ती सवारी साधनलाई फुकुवा भएसँगै गन्तव्यतर्फ प्रस्थान गरेका सशस्त्र प्रहरी नायव उपरीक्षक गिरीले बताउनुभयो ।

उहाँको अनुसार जोमसोम बसपार्कमा राखिएका २६६ विद्युतीय सवारीसाधनमध्ये आइतबार र सोमबार गरी २२३ विद्युतीय सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गरेको जनाइएको छ । जोमसोम बसपार्कमा अहिले २६६ विद्युतीय सवारीसाधनमध्ये ४३ मात्रै बाँकी रहेको सशस्त्र प्रहरीले उल्लेख गरेको छ ।

यसैगरी कोरलानाकामा राखिएका विद्युतीय सवारीमध्ये भन्सार जाँचपास भएका सवारीसाधन पनि क्रमशः गन्तव्यतर्फ लैजाने र भन्सार जाँचपास नभएका विद्युतीय सवारीसाधनको पनि आवश्यक भन्सार प्रक्रिया पुरा गरी गन्तव्यतर्फ लैजान समस्या नभएको सशस्त्र प्रहरी बल नेपाल ३३ गुल्मले जनाएको छ ।

## परराष्ट्रमन्त्री र सिपिपिसिसीका अध्यक्षबीच भेटवार्ता

काठमाडौँ । चीनको चारदिने औपचारिक भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री शिशिर खनाल र चिनियाँ जनराजनीतिक परामर्श सम्मेलन (सिपिपिसिसी)को राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङबीच भेटवार्ता भएको छ ।

उहाँहरुबीच मंगलबार बिहान बेइजिङमा भएको भेटवार्तामा नेपाल-चीन सम्बन्धका विविध आयामहरूमा छलफल भएको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ । विशेषतः विकास सहकार्य, व्यापार, लगानी, पर्यटन, राजनीतिक आदानप्रदान तथा जनता-जनताबीचको सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा विचार आदानप्रदान भएको दूतावासको भनाइ छ । नेपाल-चीनबीचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ र गतिशील बनाउने सिपिपिसिसी अध्यक्ष वाङको दृढ प्रतिबद्धताको उच्च प्रशंसा गर्दै मन्त्री खनालले दुई देशबीचको परम्परागत मित्रता र पारस्परिक सहयोग आगामी दिनमा अझ सशक्त हुँदै जाने विश्वास व्यक्त गर्नुभएको थियो । मन्त्री खनालले आजै 'ह्वाइट पागोडा'को भ्रमण गर्नुहुने र त्यसपछि चिनियाँ सञ्चारमाध्यम तथा रोयटर्सलाई अन्तर्वार्ता दिनुहुने तालिका रहेको छ । उहाँ अपराह्न नेपाली दूतावास बेइजिङमा आयोजना हुने लगानी सम्मेलनमा सहभागी हुनुहुनेछ ।

विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्यूरो सदस्य वाङ यीको निमन्त्रणामा आइतबार बिहान बेइजिङ पुग्नुभएको थियो ।

प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com